# नेशनल हाइड्रो पावर कम्पनी लि.

## काठमाडौं-१०, बिनायक नगर, बानेश्वर

## २६ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति २०७९/११/११*

यस नेशनल हाइड्रो पावर कम्पनी लिमिटेडको मिति २०७९/११/१० मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको २६औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्नका लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरुको जानकारी एवम् उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७९ साल चैत्र ०३ गते शुक्रबार (मार्च १७, २०२३)
स्थान : डेलिश ओपेरा रेष्ट्रो एण्ड बैंक्वेट (Delish Opera Restro & Banquet) बालुवाटार, काठमाडौं
समय : बिहान ११:०० बजे ।

**छलफलका विषयहरु**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरिक्षकको प्रतिबेदनसहित आर्थिक वर्ष २०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणसँग सम्बन्धित अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०७९/०८० को लागि लेखापरिक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. विविध ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु**

१. २६औं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७९/११/१९ गते (एक दिन) शेयर कारोबार बन्द रहनेछ ।
२. २६औं वार्षिक साधारण सभा तथा बोनस शेयर प्रयोजनको लागि २०७९/११/१८ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई ३ कार्य दिन भित्र दाखिल खारेज तथा नामसारीका लागि प्राप्त शेयरहरुबाट कायम रहेका शेयरधनीहरु वार्षिक सभामा भाग लिनका लागि योग्य हुनेछन् ।
३. लेखापरिक्षकको प्रतिबेदनसहित कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिबेदन, कम्पनीको ऐन २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदनसमेतका कागजातहरु निरिक्षण गर्न तथा प्रतिलिपी आवश्यक भएमा कार्यालय समयभित्र कम्पनीको कार्यालय बिनायकनगर, नयाँबानेश्वर, काठमाडौंमा सम्पर्क राख्न सकिने ब्यहोरा अनुरोध छ ।
४. सभामा आफै उपस्थित हुन नसक्ने शेयरधनीले सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सो सम्बन्धी निवेदन सभा शुरु हुनु भन्दा ४८ घण्टा अगाबै प्रतिनिधि पत्र तोकेको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । प्रतिनिधि पत्र (प्रोक्सी) प्रचलित कम्पनी कानून बमोजिम यस कम्पनीले तोकेको ढाँचामा हुनु पर्नेछ । प्रतिनिधि पत्रको ढाँचा यस कम्पनीको सूचनापाटि तथा कम्पनीको वेबसाइटमा (www.nhpcl.com) मा राखिएको छ । कम्पनीको शेयरधनी बाहेक अन्यलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न पाइने छैन ।
५. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा कुल बिक्रि भएको शेयरको १५ प्रतिशत भन्दा बढि प्रोक्सी दर्ता गरेको भएमा पनि १५ प्रतिशत भन्दा बढि मतको गन्ती गरिने छैन ।
६. एक जना शेयरधनीले एक भन्दा बढि ब्यक्ति (शेयरधनी) लाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा सबै प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ ।
७. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा केही शेयर आफैसँग बाकी राखि आफूसमेत साधारण सभामा उपस्थित हुन पाउने उद्देश्यले आंशिक शेयरको प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न पाउने छैन । अर्थात, सम्पूर्ण शेयरको लागि एकै ब्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु पर्दछ ।
८. सभामा भाग लिनु हुने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहा राखिने हाजिरी पुस्तिका बिहान १०:०० बजेबाट खुल्ला गरिने छ ।
९. साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीको कार्यालय का.जि.का.म.न.पा. वडा नं. १०, बिनायक नगर, बानेश्वरमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

ShareSansar Uplifting Your Financial World